नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(योजना तथा अनुगमन शाखा)

प.सं. २०७८/०७९ (योजना तथा अनुगमन)

चलानी नं. ९४५

मितिः२०७८/०९/२६

बिषयः स्थानीय आवधिक योजना सुझाब समिति सम्बन्धमा ।

श्री महा/उपमहा/ नगरपालिका (सबै),
श्री गाउँपालिका (सबै)

राष्ट्रिय योजना आयोगबाट स्वीकृत *"स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८"* यस मन्त्रालयको वेबसाइटमा प्रकाशन गरिएको व्यहोरा अवगतनै छ । उक्त दिग्दर्शनको बुँदा नं.२.६.१० मा "स्थानीय आवधिक योजनालाई अन्तिम रूप प्रदान गर्नु अघि राष्ट्रिय तथा प्रादेशिक लक्ष्य, उद्धेश्य, रणनीति र प्राथमिकतासँग तादात्म्यता भए नभएको यकिन गरी योजनाको गुणस्तर सुनिश्चतताको लागि योजनाको मस्यौदा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगमा पठाउनु पर्नेछ" भन्ने व्यबस्था रहेको छ । अतः यस प्रयोजनका लागि मन्त्रालयमा योजना तथा विकास सहायता समन्वय महाशाखा प्रमुखको संयोजकत्वमा स्थानीय आवधिक योजना सुझाब समिति रहेको हुँदा तहाँवाट तर्जुमा हुने आवधिक योजनाको अन्तिम मस्यौदा आबश्यक सुझाब एवम् पृष्ठपोषणको लागि योजना तथा अनुगमन शाखाको इमेल ***planning.section@mofaga.gov.np*** मा पठाउने व्यबस्था मिलाउनु हुन आदेशानुसार अनुरोध छ ।

(गोविन्द के.सी)
शाखा अधिकृत

बोधार्थः

श्री सूचना तथा प्रबिधि शाखा, मन्त्रालयको website मा upload गरिदिनु हुन ।